## चौथो बार्षिक साधारण सभा सम्बन्धी सूचना

**जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेड**
**बबरमहल, काठमाडौं**

(प्रथम पटक प्रकाशित मिति २०७२।०८।२८)

आदरणीय शेयरधनी महानुभावहरू,

यस कम्पनीको मिति २०७२।०८।२४ गते बसेको संचालक समितिको ११८ औं बैठकको निर्णायानुसार यस कम्पनीको चौथो वार्षिक साधारण सभा देहायका विषयमा छलफल तथा निर्णय गर्न निम्न मिति, समय र स्थानमा बस्ने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारी एवं उपस्थितिको लागि कम्पनी ऐन, २०६३ को दफा ६७ तथा कम्पनीको नियमावली २०६८ को नियम १८(४) बमोजिम यो सूचना प्रकाशित गरिएको छ ।

**साधारण सभा बस्ने मिति, समय र स्थान**

१) मिति : २०७२।०९।२४ गते शुक्रबार (January 08, 2016)
२) समय : अपरान्ह दिनको १:०० वजे
३) स्थान : कम्पनीको कार्यालय बबरमहल, काठमाडौं ।

**छलफलका विषय सूचीहरू:**

**(क) साधारण प्रस्तावः**

१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले कम्पनीको वार्षिक प्रतिवेदन प्रस्तुत गर्ने र सो प्रस्ताव उपर छलफल गरी पारित गर्ने ।

२) लेखापरिक्षकको प्रतिवेदन सहित २०७२ आषाढ मसान्तको वासलात, आ.व. २०७१/७२ को नाफा नोक्सान हिसाब र नगदप्रवाह सहितको वित्तीय विवरणहरू (अनुसूची समेत) छलफल गरी पारित गर्ने ।

३) महालेखापरिक्षकको कार्यालयबाट परामर्श प्रदान गरिएबमोजिम चालु आ.व. २०७२/७३ को लागि लेखापरिक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

**(ख) विशेष प्रस्तावः**

(१) मुलुकमा २०७२।१।१२ गते गएको भुकम्प र तत्पश्चात निर्वाह गर्नुपर्ने बचाउ, राहत तथा पुनः निर्माणको आवश्यकतालाई समेत ध्यान दिई कम्पनीले सामाजिक उत्तरदायित्व निर्वाह गर्ने प्रयोजनार्थ आर्थिक वर्ष २०७१।७२ को बजेटमा उल्लेखित शीर्षकमा व्यवस्था गरिएको रकमबाट रू.पन्ध्र लाख प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गरेको विषय अनुमोदन गर्ने सम्बन्धमा ।

(२) कम्पनीको प्रबन्धपत्र, नियमावली तथा संचालनका नीतिगत आधारमा थप व्यवस्था तथा संशोधन गर्ने ।

**आज्ञाले,**
**कम्पनी सचिव**
**जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेड**